दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



## कृष्णको आलु क्रान्ति :

# नेपालको फ्रेन्च फ्राइज पहिलो पटक अमेरिका निर्यात सुरु

**दुई अर्ब लगानी भएको उद्योगले नेपालका २६ जिल्लाका करिब ३५ हजार किसानलाई आलु उत्पादनमा जोडेर उनीहरुबाट खरिद गरेको आलु प्रशोधन गरी उद्योगले फ्रेन्च फ्राइजलगायत परिकार उत्पादन गरिरहेको छ।**

**टिआर शर्मा/मोहम्मद हबिब**

*बुटवल*






रुपन्देहीमा उत्पादन भएको नेपाली फ्रेन्च फ्राइज पहिलो पटक अमेरिका निर्यात सुरु भएको छ। रुपन्देहीको शुद्धोधन गाउँपालिका मैनहियामा पाँच वर्षअघि स्थापना भएको फस्ट च्वाइस फुड्सले यसअघि नेपाली बजारसँगै भारतमा पनि निर्यात गर्दै आइरहेकोमा पहिलोपटक तेस्रो मुलुकमा निर्यात थालेको हो।

मंगलबार भैरहवा भन्सार कार्यालयबाट दुई वटा कन्टेनरमा २१/२१ टनका दरले ४२ मेट्रिक टन फ्रेन्च फ्राइज कोलकत्ता बन्दगाहका लागि छुटेको छ। ३८ हजार ४ सय ८० अमेरिकी डलर बराबरको उक्त फ्रेन्च फ्राइज अमेरिकी आयातकर्ता एलएलसीलाई पठाइएको हो। भारतबाट आएको रेफ्रिजेरेटेड कन्टेनरले कम्पनीबाट वातानुकुलित अवस्थामा सो सामान कोलकाता बन्दगाहसम्म लैजाने छ। कोलकत्ताबाट पानी जहाजमा फ्रेन्च फ्राइजअमेरिका पुग्नेछ।

हिमालयन क्रिस्प र हाम्रो फ्राइज ब्रान्डका फ्रेन्च फ्राइज निर्यात भएको उद्योगका सञ्चालक कृष्ण पौडेलले बताए। उनका अनुसार कोलकत्ताबाट कन्टेनरमा ५० दिनमा फ्रेन्च फ्राइज अमेरिका पुग्नेछ।

अमेरिकामा निर्यात हुनुअघि अमेरिकाको सम्बन्धित निकायले नेपाली आलुबाट बनेको फ्रेन्च फ्राइजको गुणस्तर चेकजाँच गरी निर्यातको अनुमति दिएको सञ्चालक पौडेलले बताए।

अब हरेक हप्ता अमेरिकाका लागि भैरहवा भन्सारबाट फ्रेन्च फ्राइज निर्यात हुने उनले बताए। 'अमेरिकासँगै बेलायतलगायतका मुलुकबाट पनि अर्डर आएको छ, भारत र नेपाली बजारमा समेत खपत भइरहेकाले माग अनुसार उत्पादन पुऱ्याउन सकेका छैनौं,' पौडेलले भने-'नेपालमा खपत हुने फ्रेन्च फ्राई विदेशबाट आयात हुने गरेको थियो, अब ७५ प्रतिशत आयात विस्थापित भइसकेको छ, एक वर्षभित्रै पूरै आयात विस्थापन गर्ने लक्ष्य छ।'

**अमेरिका निर्यात जीवनको सबैभन्दा खुशी**

नेपाली फ्रेन्चफ्राइज अमेरिका निर्यात गर्न पाउँदा आफूलाई अहिलेसम्मको व्यवसायिक जीवनमा सबैभन्दा खुशी मिलेको पौडेलले बताए। नेपाली उत्पादनलाई विश्व शक्ति राष्ट्र अमेरिकाले आयात गर्नु चानचुने विषय नभएको पौडेल बताउँछन्। रुपन्देहीको फ्रेन्च फ्राइज अमेरिका निर्यातले नेपालका उद्योगीहरु अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने वस्तु उत्पादन गर्न सक्षम छन् भन्ने प्रेरणा र सन्देश देशभरका उद्योगीलाई दिएको पौडेलले बताए।

हालसम्म भैरहवा भन्सारबाट तेस्रो मुलुकमा निर्यात नभइरहेको अवस्थामा भैरहवा भन्सार प्रमुख न्यौपानेले दुई हप्ता बढी लागेर भन्सार विभागसँग समन्वय गरी प्रशासनिक प्रकृया पूरा गरेर उद्योगलाई निर्यातका लागि सहज वातावरण बनाइदिएकोप्रति धन्यवाद दिए। सरकारी निकायका कार्यालय प्रमुखहरु स्वदेशी उद्योगमैत्री हुने हो भने काम गर्न हौसला मिल्ने पौडेलले बताए।

'नेपाल सरकारलाई विनम्र अनुरोध छ कि हाम्रो उद्योगलाई कुनै अनुदानचाहिँदैन,' पौडेल भन्छन्-'उद्योगसँग जोडिएका ३५ हजार किसानहरुलाई बिउ, मल, सिँचाइको व्यवस्था, विषादी, कृषि अनुदानको योजना तथा प्राविधिक सहयोग गरिदिनुहोस्।'

आफ्नो उद्योगले भविष्यमा थप हजारौं किसानलाई आलु खेतीमा लाग्न प्रेरित गर्ने संभावना रहेको समेत पौडेलले बताए। उद्योगको नारा नै 'किसानको पौरख, हाम्रो गौरव' छ।

दुई अर्ब लगानी भएको उद्योगले नेपालका २६ जिल्लाका करिब ३५ हजार किसानलाई आलु उत्पादनमा जोडेर उनीहरुबाट खरिद गरेको आलु प्रशोधन गरी उद्योगले फ्रेन्च फ्राइज लगायत परिकार उत्पादन गरिरहेको छ। भैरहवा भन्सार कार्यालयका प्रमुख शिवलाल न्यौपानेले पहिलोपटक नेपाली फ्रेन्च फ्राइज अमेरिका निर्यात सुरु भएको र यसबाट ४० हजार अमेरिकी डलर नेपाललाई प्राप्त भएको बताए। नेपालले ठूलो व्यापार घाटा व्यहोरिरहेको अवस्थामा स्वदेशी कच्चा पदार्थबाट उत्पादित फ्रेन्च फ्राइजको निर्यातले थोरै भएपनि व्यापार घाटा कम गराउन योगदान पुऱ्याउने बताए।

युरोपियन प्रविधिमा आधारित आलु प्रशोधन उद्योगबाट फ्रेन्च फ्राइजसँगै अब केही महिनाभित्रै आलु टिक्की, बर्गर प्याटी, स्माइली, ह्यास ब्राउनलगायत परिकार उत्पादन सुरु हुने पौडेलले बताए।

'हिमालयन र हाम्रो फ्राइज ब्रान्डमार्फत् नेपालको स्वादलाई विश्वमा पुऱ्याउन सफल भएका छौं,' पौडेलले भने-'अमेरिकाको एफडीएमा दर्ता भएर छोटो समयमै भारतसँगै अमेरिका निर्यात गरिरहेका छौं, अब दुबई, मलेसिया, साउदी अरेबियाजस्ता मुलुकहरुमा पनि निर्यात गर्ने तयारीमा छौं।'

करिब ५ बिघा क्षेत्रफलमा ६० हजार स्क्वायर फिटमा फैलिएको उद्योगले विश्वस्तरीय फ्रोजन पोटाटो प्रोडक्ट र फ्रेन्च फ्राइ उत्पादन संसारका जुनसुकै ब्रान्डसँग प्रतिस्पर्धा गर्न सक्षम रहेको पौडेलको दाबी छ। कम्पनीले तराई, पहाड र हिमाली क्षेत्रमा प्रशोधनयोग्य आलुको अनुसन्धानको लागि करोडौं रकम खर्च गरिसकेको जनाएको छ।

**वार्षिक ४० हजार मेट्रिक टन आलु खरिद लक्ष्य**

कैलाली, नवलपुर, सिन्धुली, काभ्रेपलाञ्चोकलगायत २६ जिल्लामा सफल परीक्षण गरी ३५ हजार किसानहरुमार्फत् आलु उत्पादन गरिरहेको उनले बताए। काठमाडौं, पोखरा, चितवन, बुटवल, इटहरी, दाङ, नेपालगञ्जजस्ता मुख्य शहरहरुमा ५ वटा वितरक, १२ चेन रेष्टुरेण्ट, १५० सप्लायर्स, ४०० भन्दा बढी रेष्टुरेण्ट, १७१ मोडर्न मार्टमार्फत् उपभोक्तामाझ आफ्नो उत्पादन पुऱ्याएको बताएका छन्। उद्योगले नेपालका किसानहरुलाई आत्मनिर्भर बनाउँदै नेपालमा नै उत्पादन भएको प्रशोधनयोग्य आलु प्राथमिकताका आधारमा खरिद गर्ने उद्योगले उद्देश्य लिएको बताए। उद्योगले किसानबाट वार्षिक ४० हजार मेट्रिक टन आलु खरिद गरी प्रशोधन गरी विभिन्न परिकार बनाउने लक्ष्य लिएको छ।

फर्स्ट च्वाइस फुड्सले फ्रेन्चफ्राइका लागि नेदरल्याण्डबाट उन्नत जातको बीउ ल्याएर किसानलाई वितरण गरेको छ। उद्योगलाई चाहिने आलु नेपालमै उत्पादन भएको र उद्योग पूर्णरुपमा सञ्चालन गर्न नेपालमै उत्पादित आलुले पुग्ने पौडेल बताउँछन्। नेपालमा मौसम फरक भएकाले आलुको उत्पादन राम्रो भएको छ। आलु उत्पादनका लागि नेपाल सरकारका पूर्वसचिव डा. श्यामप्रसाद ढकाल जोडिएका छन्। उद्योगले जर्मनी, टर्की र जापानबाट विभिन्न प्रविधि भित्राएको छ। जुन प्रविधिबाट एक घण्टामा २ टन बढी आलु प्रशोधन गर्न सक्छ।

कम्पनीले फ्रेन्च फ्राइसँगै, क्रिनिकल कट, स्माइलस्, हास ब्राउन, स्मोकी बाइटस्, आलु टिक्का, भेज स्टिक, पोटेटो वेजेस, भेज बर्गर प्याटीलगायतका उत्पादन गर्दै आएको छ।

उद्योगले वार्षिक ५ अर्बको फ्रेन्च फ्राई उत्पादन गर्ने लक्ष्य राखेको छ। हाल नेपालमा भारत, बेल्जियम र अन्य केही मुलुकबाट आलुका परिकार मात्रै वार्षिक १५ अर्ब रुपैयाँको आयात हुने गरेको तथ्यांक छ। फ्रेन्च फ्राइ माइनस १८ डिग्री सेल्सियस तापक्रममा भण्डारण गर्नुपर्छ। तापक्रम कायम गरे यो फ्रेन्च फ्राइज १८ महिनासम्म उपभोग गर्न सकिन्छ। नेपाली बजारमा पनि माग उच्च रहेकाले उत्पादन खपतको समस्या नभएको कम्पनीले जानकारी दिएको छ। उद्योग दैनिक १० घन्टा सञ्चालन हुँदा वार्षिक ४० हजार टन आलु आवश्यक पर्छ। यो आवश्यकता पूरा गर्न उद्योगले आलु उत्पादनमा पनि लगानी गरेको छ। कृषि क्षेत्रका जानकारहरु धेरैले कृष्ण पौडेलको यो उद्यमलाई आलुमा क्रान्ति नै भन्ने गरेका छन्। उद्योग स्थापनाले हजारौं किसान आलु खेतीमा लाग्नु आलु क्रान्ति नै भएको उनीहरुको तर्क छ।

**क्वालिटी मिट सपबाट व्यवसाय सुरु**

गुल्मीबाट बुटवल झरेका पौडेलले बुटवलमा क्वालिटी मिट सपबाट व्यवसाय सुरु गरेका थिए। २०६४ मा मासु पसललाई विस्तार गर्दै बुटवल बदेलपोखरीमा मासु प्रशोधन उद्योग बनाए। उक्त उद्योगको उत्पादन काठमाडौंसहित प्रमुख शहरमा खपत भइरहेको छ। आफ्नै उद्योगको मासुका परिकारको व्यापार गर्दा पौडेलले भारतको एक फ्रेन्च फ्राइ कम्पनीको आधिकारिक बिक्रेताको पनि अनुभव लिएका थिए। त्यसको अनुभवपछि आयात प्रतिस्थापन गर्ने उद्देश्यले नेपालमै उद्योग खोलेका हुन्।

## ट्रंक लाइन विवादमा सहमति भयो : ढकाल

बुटवल। सरकारले डेडिकेटेड र ट्रंक लाइन विवाद समाधान गर्ने व्यवसायीहरूको प्रस्तावमा सहमती जनाएको छ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले मंगलबार काठमाडौंमा पत्रकार सम्मेलन गरी प्रधानमन्त्री सुशीला कार्की, सम्बन्धित मन्त्रीहरुसँगको भेटमा आफूले राखेको मध्यमार्गी प्रस्तावमा सहमती भएको दाबी गरेका हुन्। करिब साढे २ घण्टा लगाएर गरिएको छलफलमा सहमती जुटेको उनको भनाइ थियो। अध्यक्ष ढकालकाअनुसार उद्योगीहरुको सहमतीमा २८ किस्तामा पहिलो किस्तालाई धरौटीको रुपमा मान्ने सहमती गरिएको छ। नेपाल विद्युत् प्राधिकरणले दिएको २८ किस्ताको सुविधालाई स्वीकार गरी एक किस्ता बराबरको रकमलाई धरौटीको रुपमा उद्योगीहरुले बुझाएपछि काटिएको विद्युत्को लाइन जोड्ने प्रस्तावमा सरकार सहमतीभएसँगै यो विवाद समाधान हुने अवस्थामा पुगेको महासंघले जनाएको छ।

## पाँचकुने तारा प्रयोग गर्न दिन्नौं : जसपा नेपाल

बुटवल। जनता समाजवादी पार्टी नेपालले आफ्नो पार्टीको झण्डामा अंकित पाँचकुने तारा अन्य दलले चुनाव चिह्न दाबी गर्न नपाउने भनेको छ।

पार्टीका प्रवक्ता मनिष सुमनले विज्ञप्ति निकालेर यस्तो बताएका हुन्। नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीसहितका ९ वटा दल र समूहबिच एकतापछि पार्टीको नाम नेपाली कम्युनिस्ट पार्टी राख्ने तयारी छ। यस्तो प्रस्ताव माओवादी केन्द्रको बैठकबाट पारित भइसकेको छ।

तर, जसपा नेपालले विज्ञप्ति निकालेर राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ६ (१) (ङ), दफा (९), दफा ५४ (७) (क) विपरीत आफ्नो पार्टीको झण्डामा रातो पृष्ठभूमिमा अंकित पाँच कुने तारालाई अन्य कुनै राजनीतिक दलले आफ्नो चुनाव चिह्न दाबी गर्न नपाउने बताएको हो। 'जनता समाजवादी पार्टी, नेपालको झण्डामा प्रयोग गरी आएको उक्त पाँच कुने तारा चिन्ह अन्य कुनै राजनीतिक दललाई निर्वाचन चिन्ह वा अन्य चिन्हको रूपमा प्रयोग नगर्न हुन आग्रह गर्दछौं।'- विज्ञप्तिमा उल्लेख छ। साथै यस सम्बन्धमा निर्वाचन आयोगसमेतको ध्यानाकर्षण गराउने जसपा नेपालले बताएको छ।

## जनार्दनले घोषणा गरे प्रगतिशील अभियान नेपाल



बुटवल। पूर्वमन्त्री जनार्दन शर्माले नयाँ राजनीतिक अवधारणासहित 'प्रगतिशील अभियान, नेपाल' नामक राजनीतिक अभियानको घोषणा गरेका छन्। उनले उक्त अभियानमार्फत् 'तेस्रो र नयाँ बाटो' विकसित गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

मंगलबार ललितपुरमा पत्रकार सम्मेलन गर्दै शर्माले नेपालमा विगत आठ दशकदेखि चलेका जनआन्दोलन, जनयुद्ध र हालैको जेनजी विद्रोहका सहिदप्रति श्रद्धाञ्जली अर्पण गर्दै समाजवादी एकता र श्रमजीवी जनताको हितमा समर्पित नयाँ आन्दोलनको खाका प्रस्तुत गरे।

शर्माले भने-'विद्रोह जायज छ, विद्रोह अधिकार हो। आजको आवश्यकता समाजवादी ऐक्यबद्धता हो।' उनका अनुसार यो अभियान कुनै नयाँ पार्टी होइन, तर विखण्डित वाम र प्रगतिशील शक्तिहरूलाई एकीकृत समाजवादी आन्दोलनको दिशामा अघि बढाउने वैचारिक र राजनीतिक प्रयास हो।

अभियानले जारी गरेको विज्ञप्तिमा माओवादी आन्दोलनपछि नेपालमा कम्युनिस्ट आन्दोलन दिशाहीन बनेको र नेताहरू सत्ता तथा स्वार्थमा अल्झँदा क्रान्तिकारी आदर्श कमजोर भएको उल्लेख छ। शर्माले माओवादी शान्ति प्रक्रियामा प्रवेशलाई ऐतिहासिक घुम्ती भने पनि त्यसपछि दलाल पुँजीवादको संसदीय प्रणालीमा भासिँदा आन्दोलनको आत्मा कमजोर भएको बताएका छन्।

विज्ञप्तिमा लेखिएको छ-'हाम्रो नेतृत्वले नीतिहीनतालाई नै नीति बनायो। क्रान्तिकारी आदर्श र जीवन मूल्यहरू क्षय हुँदै गए। अब नयाँ पुस्तालाई वैचारिक शस्त्र र शास्त्रसहित सुसज्जित गर्दै नयाँ समाजवादी आन्दोलन निर्माण गर्नुपर्छ।'

शर्माले नेपालका मजदुर, किसान, उत्पीडित जाति, लिङ्ग र क्षेत्रका जनताको पक्षमा बोल्ने नयाँ राजनीतिक शक्ति निर्माणको आवश्यकता औंल्याएका छन्। उनका अनुसार हालका मुख्य दलहरू जनताको दृष्टिमा विश्वास गुमाइसकेका छन् र नयाँ पुस्ताले इतिहासको भार वहन गर्न तयार हुनुपर्छ।

अभियानले नेपाललाई स्वाधीन, सम्पन्न र समानतामूलक समाजवादी राज्य बनाउने लक्ष्य राखेको छ। शर्माले विश्व पुँजीवादका सिक्रीहरू तोड्दै "नेपाली विशेषतायुक्त समाजवाद" निर्माणमा जोड दिएका छन्।

शर्माले सबै वाम, लोकतान्त्रिक र प्रगतिशील शक्तिहरूलाई एकजुट हुन आह्वान समेत गरेका छन्। देशलाई निराशाबाट आशातर्फ लैजान, समानता र स्वाधीनताको मार्गमा अघि बढाउन, नयाँ पुस्ताको हातमा भविष्य सुम्पनु हाम्रो साझा जिम्मेवारी हुने विज्ञप्तिमा भनिएको छ।



## सम्पादकीय

# निर्यातले जगाएको आशा

मुलुकको अर्थतन्त्र र राजनीतिमा मडारिएको कालो बादलले निराशा बढिरहेको बेला रूपन्देहीको एउटा उद्योगले उत्पादन अमेरिका निर्यात गरेको सार्वजनिक भएको छ। रूपन्देहीको शुद्धोधन गाउँपालिकामा पाँच वर्षअघि स्थापना भएको फर्स्ट च्वाइस फुड्सले उत्पादन अमेरिका निर्यात सुरु गरेको छ। यसअघि नेपाली बजारसँगै भारतमा निर्यात गर्दै आइरहेको कम्पनीले तेस्रो मुलुकमा निर्यात गर्न थालेको हो।

भैरहवा भन्सार कार्यालयबाट दुई वटा कन्टेनर ४२ मेट्रिक टन फ्रेन्च फ्राइज बोकेर कोलकाता बन्दगाहका लागि छुटेका छन्। हिमालयन क्रिस्प र हाम्रो फ्राइज ब्रान्डका फ्रेन्च फ्राइज निर्यात गरेर उद्योगीले एउटा सकारात्मक पहलकदमी लिएका छन्। दुई कन्टेनर उत्पादन निर्यात हुनुले मात्रै परिमाणका हिसाबले ठूलो विषय होइन्, तर सन्देशका हिसाबले महत्वपूर्ण छ। आयातमुखी अर्थतन्त्रमा धानिएको मुलुकमा निर्यातको पहलकदमी लिदा बजार बन्न सक्छ। बजारको खोजी एकैपल्ट ठूलो मात्रामा तयार हुने होइन्, सानै ढंगले हुँदै जाने हो। त्यसो त उद्योगले थप निर्यातको माग पनि लिइसकेको बताइएको छ। अब हरेक हप्ता अमेरिकाका लागि भैरहवा भन्सारबाट फ्रेन्च फ्राइज निर्यात हुने उद्योगका सञ्चालक कृष्ण पौडेलले जानकारी दिए।

उद्योगले उत्पादन गरेको फ्रेञ्च फ्राइज आलु अहिले नेपालको आन्तरिक बजारमा खपत भइरहेको छ। भारतीय बजारमा निर्यात गरिरहेको उद्योगले अमेरिका निर्यात सुरु गरेसँगै बेलायतका लागि पनि अर्डर आएको छ। फ्रेञ्च फ्राइच खाने बढ्दो प्रचलनले पछिल्ला वर्ष उपभोक्ताको आकर्षण बढेको छ। अहिले नेपालमा खपत भइरहेको मध्ये ७५ प्रतिशत फ्रेञ्च फ्राइजको आयात विस्थापित गर्न सफल यो उद्योगले उद्योगलाई चाहिने आलु उत्पादनमा किसानसँग हातेमालो गरिरहेको छ। किसानलाई आलु खेतीमा प्रोत्साहन कार्यक्रम अघि बढाएर उत्पादनमुखी अर्थतन्त्र निर्माणको लागि सरकारले पहलकदमी लिनुपर्ने हो। उद्योग र किसानलाई जोडेर उत्पादनलाई बढाउने कार्यक्रम राज्यले लिनुपर्नेमा उद्योगीले नै गरेका छन्। किसानको खेतबारीमा पुगेर किसानलाई आलु लगाउन आग्रह गरिरहेका छन्। यो अभियानमा सरकार कतै देखिन सक्दा उद्योगी र किसान सबैले सरकार हुनुको अनुभूति गर्न सक्थे।

२ अर्ब लगानी भएको उद्योगले नेपालका २६ जिल्लाका करिब ३५ हजार किसानलाई आलु उत्पादनमा जोडेर उनीहरूबाट खरिद गरेको आलु प्रशोधन गरी उद्योगले फ्रेन्च फ्राइजलगायत परिकार उत्पादन गरिरहेको छ। करिब ५ बिघा क्षेत्रफलमा ६० हजार स्क्वायर फिटमा फैलिएको उद्योगले विश्वस्तरीय फ्रोजन पोटाटो प्रोडक्ट र फ्रेन्च फ्राइज उत्पादनसँग प्रतिस्पर्धा गर्न अग्रसर हुनु मुलुककै लागि गौरवको विषय हो। निर्यातमुखी र स्थानीय कच्चा पदार्थबाट उत्पादन हुने यो उद्योगझैं अरु उद्योगलाई विभिन्न खालका सुविधा दिएर राज्यले प्रोत्साहन गर्नुपर्छ। सरकारले उद्योगबाट कर असुल्नेमात्रै होइन्, उनीहरुलाई प्रोत्साहन गर्ने र लगानी विस्तारका लागि सहजीकरण गर्दा फाइदा मुलुककै लागि हो।

# राष्ट्रिय अस्तित्व र प्रजातन्त्रको सुनिश्चितता हो आजको आवश्यकता



युवराज घिमिरे

सरकार र राजनीतिक दलप्रति जनताको विश्वास न्यूनतम छ। यही संविधानअन्तर्गतको निर्वाचनले ल्याउने सरकारले राजनीतिक पद्धतिमा जनताको अपनत्व र विश्वास सुनिश्चित गर्ने छैन। विगत दुई निर्वाचनले त्यो देखाएका छन्। षड्यन्त्र र वैदेशिक हस्तक्षेपबाट ल्याइएको गणतन्त्र र विकृत 'धर्म निरपेक्षता' नेपालको भविष्य बन्न सक्दैन।

सात साताअघि निजी तथा सार्वजनिक सम्पत्तिमा 'जेनजी' आन्दोलनका नाममा लागेको डढेलो निभेको छ। धुँवाका गन्ध मेटिएका छन्। र, खरानीका थुप्रा सफा गर्दै 'फेरि अब यस्तो नहोला' भन्ने आसमा केही पुनर्निर्माण पनि हुन थालेका छन् कतै-कतै।

बिमा र बजार व्यवस्थाबाट 'क्षति' पूर्ति नहुँदाको अवस्थामा सरकारको सहयोग रहने आश्वासन अर्थमन्त्री रामेश्वर खनालको तर्फबाट आउँदा कमसेकम पीडित व्यवसायीले पहिलोपल्ट सरकारको संस्थागत उपस्थितिको अनूभूति गरेका होलान्।

पीडितप्रति आमजनताको चासो र सहानुभूति देखिएको अवस्था छ। प्रधानमन्त्री, अर्थमन्त्री र अन्य मन्त्रीको 'बेडरुम'सम्म बिचौलिया र व्यापारीको पहुँच विभिन्न नेता, प्रधानमन्त्री र मन्त्रीले उनीहरूलाई नीतिगत भ्रष्टाचारद्वारा फाइदा पुऱ्याएका अनेकौं उदाहरण छन्, जसको छानबिन खासगरी एमाले, कांग्रेस र माओवादीको मिलेमतोमा रोकिँदै आएको छ, दुई दशकयता। तर, यसपल्टको जेनजी विध्वंशपछि कमसेकम सरकारबाट जारी आश्वासनको 'परिवेश' र 'स्पिरिट' फरक छ। चाहे ०७२ को भुइँचालो होस् या 'कोभिड' महामारी, सरकार अनि उसको आडमा केही व्यापारी तथा राजनीतिक, अमानवीय फाइदा र आर्थिक 'मुनाफा' कमाएका छन्।

भुइँचालोलगत्तै जालसाजीयुक्त तरिकाले अर्थात् विधि तथा प्रक्रिया अनि बहसविहीन तरिकाले संविधान निर्माण गरी त्यसलाई जारी गर्दासम्म कांग्रेसका सुशील कोइराला र त्यसपछिको केपी ओली प्रधानमन्त्री रहने 'डिल' नै राष्ट्रिय राजनीतिको सर्वोच्च प्राथमिकता बन्यो। आठ हजारको निधन, कैयौंको गाँस, बास उठ्दा पनि पुनर्निर्माणको चुनौतीलाई बेवास्ता गर्दै राष्ट्रिय राजनीतिक दल सत्ताको खेलमै रमाइरहे।

मुलुकले भारतद्वारा लगाइएको आर्थिक नाकाबन्दीको संकट खेप्दा सबै दल एक भए पनि सत्ताको राजनीति र संविधान निर्माणसम्म कृत्रिम 'सहमति' उनीहरूले देखाइरहेको बुझ्न सकिन्थ्यो।

ओली र सुशील कोइरालाबिच संविधान जारी भएपछि सत्ता हस्तान्तरणको सहमति भए पनि पदबाट राजीनामा दिएका कोइरालाले ओलीविरुद्ध प्रधानमन्त्रीको उम्मेदवारी दिए। पराजित भए तर त्यसपछिका, खासगरी २०७२ संविधानअन्तर्गतको पहिलो निर्वाचनमै ठूला दलले बेइमानी, अप्रजातान्त्रिक र जनविरोधी काम गरिरहे।

संघीयता, धर्मनिरपेक्षता तथा गणतन्त्र या तिनका विकल्पबारे 'अन्तरिम संवैधानिक व्यवस्था' र राष्ट्रिय सहमतिअनुसार संकलित जनअभिमत राखिएका बक्साको गणना नगर्न १२ बुँदेका सबै दल तयार भए।

ब्हस र संशोधन निषेध गरी 'फास्ट ट्र्याक' अर्थात् विधिविहीन तरिकाबाट जारी संविधानमा जनताको भूमिका निर्वाचनमा एक मत हाल्नुभन्दा बढी रहेन। तर, संकलित अभिमतलाई बेवास्ता गरेर यो संविधान तथा त्यसले बोकेको राजनीतिक वैधानिकतामाथि त्यही समयदेखि प्रश्न उठेको ठूला दल र तिनका नेताले बुझ्न चाहेनन्।

त्यसैले यो संविधानका स्पष्ट प्रावधानलाई अस्वीकार गरी सुशीला कार्की प्रधानमन्त्री बन्दा त्यसको विरोध गर्ने साहस र नैतिक चरित्र ठूला दल र तिनका नेताले प्रदर्शन गर्न सकेनन्। ओलीको या उनको पार्टीसँगै कांग्रेस र माओवादीले कार्की सरकार गठन तथा संसद् विघटन र फागुन २१ गते घोषित निर्वाचनको परिप्रेक्ष्यमा फरक-फरक अडान राख्नुको कारण पनि त्यही हो। अर्थात् वर्तमान संविधानमा यी दल र नेपाली जनताको साझा अपनत्व थिएन।

तर, संसद् विघटित नभएको अवस्थामा तीनमध्ये ठूला कुन दललाई कति राजनीतिक फाइदा हुन्थ्यो, त्यस आधारमा प्रतिक्रिया दिइरहेका छन्। संसदमा संख्याका आधारमा दुई नम्बरमा भए पनि सत्ताको नेतृत्व गर्ने तिकडमी अवसर पाएका ओलीको संसद विघटनविरुद्ध यसपल्टको आवाज बुझ्न सकिन्छ।

संसदमा तेस्रो ठूलो तर कांग्रेस र एमालेभन्दा धेरै आधाभन्दा कम संख्या भएको माओवादी स्वाभाविक रूपमा संसद् विघटनमा दुःखी छैन। र, शेरबहादुर देउवा तथा ओलीबिचको सात बुँदे डिलका आधारमा र आलोपालो नेतृत्वको सर्तपछि देउवाका लागि संसद्को ठूलो दलको हैसियतभन्दा ओलीको आशीर्वाद तथा समयमा सत्ता हस्तान्तरण गरुन् भन्ने चाहनाले बढी अर्थ राख्थ्यो। त्यसैले भदौ २३ को नरसंहारपछि पनि देउवा तथा कांग्रेस ओली सरकारबाट समर्थन फिर्ता लिन तयार नभएका हुन्। नेपाली राजनीतिको यो विकराल विचलनपछि सुशीला कार्की सरकारको अवैधानिकताभन्दा त्यसको असफलताले मात्र एमाले र अन्य दुई ठूला दललाई केही स्पेस उपलब्ध हुनेछ भन्ने उनीहरूले बुझेका छन्।

तर, शीर्ष तीन नेताले पद तथा सार्वजनिक जीवनबाट अवकाश नलिएसम्म उनीहरूले नेतृत्व गरेका दल जनताका नजरमा भ्रष्ट, बिकाउ र असफल रूपमा चित्रित भइरहनेछन्।

मुलुकमा राजनीतिक अनिश्चितता र आउँदा चार महिनामा चुनाव नहुँदा के होला भन्ने बहस पनि चलिरहेको छ। आफ्ना असफलताबारे जिम्मेवारी नलिई दण्डहीनताको संस्कृतिलाई नै राजनीतिक शक्ति र संस्कार बनाएका दलसमेत अहिले सत्ता परिवर्तनमा विदेशी भूमिका र चलखेलबारे आवाज उठाउन थालेका छन्।

आन्तरिक राजनीतिमा बाह्य हस्तक्षेपको विरोध र त्यसको प्रतिबद्धतापूर्ण निरुत्साहन मौलिक नागरिक दायित्व र धर्म हुन्। तर, राजनीतिक दल र तिनका नेताले यसबारे द्वैध चरित्र राख्दै आएका छन्। कुनै बाह्य शक्तिको दलाली र अर्काको विरोध बिकाउ प्रवृत्ति नै हो जसबाट हाम्रा खासगरी १२ बुँदेका शक्ति ग्रस्त छन्। नेपाली राजनीतिमा भ्रष्टाचारविरुद्ध सांकेतिक जुलुसमाथि अमानवीय र क्रुर तरिकाले गोली बर्साई आमहत्याको दोष कमाएको ओली सरकार ढलेको छ। तर, जेनजी समूहले यसलाई मात्र आन्दोलनको सफलता मान्नु ठूलो भूल हुनेछ।

चाहेर या नचाहेर सत्ता परिवर्तनको संयन्त्र र कारक बनेको 'जेनजी' प्रतिनिधिहरू स्पष्ट राष्ट्रिय या राष्ट्रहितको एजेन्डा तयार नगरी 'मन्त्री' बन्न दौडधूप र 'लबिङ' ले आन्दोलनसँगै जनतामा तत्काल पलाएको आशाको ओलीको पतन र कार्कीको उदयले खासै केही फरक अर्थ राख्दैन। यदि, भ्रष्टाचारमुक्त समाज निर्माण, व्यापक समझदारीमा आधारित संविधान तथा राजनीतिक व्यवस्था निर्माणको खाका कोर्नतर्फ यो सरकार अघि बढेन भने।

तर, त्यसतर्फ नहेरी हरेक दलले बाह्य हस्तक्षेपको कुरा उठाउन थालेका छन्। त्यस्तै, नेपालमा यति सहजै सत्ता पतन, आन्तरिक राजनीतिक अनुमोदनको शून्यतामै नयाँ सत्ताको खासगरी छिमेकी भारत र चीनलाई पनि सशंकित तुल्याएको छ।

खासगरी 'जेनजी' नेतृत्व तहमा अमेरिकी दूतावासद्वारा गठित 'युथ काउन्सिल' को सदस्यहरू संलग्न भएको आधारमा अमेरिकाको संलग्नताको निष्कर्ष निकालेको देखिन्छ।

आन्तरिक राजनीति तथा सत्ता परिवर्तनमा बाह्य हस्तक्षेप आन्तरिक सहयोग र संलग्नता बिना सहज हुँदैन। ०६३ को परिवर्तनमा भारतको नेतृत्वदायी भूमिकालाई माओवादीलगायत १२ बुँदेका आठ दलले निम्त्याएको र स्वीकार गरेको तथ्य हामीसामु छ।

भारतले नेपालको आन्तरिक राजनीतिमा युरोपेली मुलुक र अमेरिका आदि पश्चिमा शक्तिलाई सामेल गरेपछि उनीहरूसँग त्यही शैलीमा भिड्न अर्थात् नेपालमा आफ्नो उपस्थिति र लगानी बढाउने नयाँ रणनीति चीनले अपनाएको तथ्य हामीसामु छ। गणतन्त्र श्याम सरणले प्रतिनिधित्व गरेको भारतीय एजेन्डा हो र त्यसलाई समर्थन गरेबापत हिन्दु समाजलाई विखण्डित गरी धर्म परिवर्तनमार्फत इसाई धर्मको हैसियत स्थापित गर्न पश्चिमाले अपनाएको नीति हो धर्मनिरपेक्षता। सबै धर्मलाई सम्मान गर्ने नियत र रणनीति थिएन त्यो घोषणामा।

'जेनजी' तथा बाह्य हस्तक्षेपको विरोध गर्ने कुनै पनि राजनीतिक दल, शक्ति र नागरिक समाजले ०६३ यताको यो विचलनलाई सम्बोधन गरी मृत वर्तमान संविधानको साटो ०४७ को संविधानलाई अन्तरिम संविधानका रूपमा स्वीकार गर्दै 'कोर्स करेक्सन' मा जान बृहत् सर्वपक्षीय समझदारीमा जाने अठोट गरेमा नेपालको आन्तरिक स्वायत्तता र राष्ट्रियतालाई सुदृढ गर्ने मात्र हैन, विदेशी शक्तिलई हस्तक्षेप गर्न निरुत्साहित गर्नेछ, भविष्यमा।

निर्वाचन लोकतन्त्रको महत्वपूर्ण प्रक्रिया हो। तर, निर्वाचनले मात्र सत्तालाई जवाफदेही र व्यवस्थालाई प्रजातान्त्रिक बनाउँदैन भन्ने उदाहरण नेपालको १९ वर्षको भोगाइ र नियति हो। राज्यको आधिकारिकता, प्रशासन, प्रहरी तथा संवैधानिक निकाय र संस्थाको छवि भताभुंग भएको छ। सरकार र राजनीतिक दलप्रति जनताको विश्वास न्यूनतम छ। यही संविधानअन्तर्गतको निर्वाचनले ल्याउने सरकारले राजनीतिक पद्धतिमा जनताको अपनत्व र विश्वास सुनिश्चित गर्ने छैन। विगत दुई निर्वाचनले त्यो देखाएका छन्। षड्यन्त्र र वैदेशिक हस्तक्षेपबाट ल्याइएको गणतन्त्र र विकृत 'धर्म निरपेक्षता' नेपालको भविष्य बन्न सक्दैन।

त्यसैले कार्की सरकारलाई ४ महिनामा निर्वाचनका लागि हैन, व्यापक राजनीतिक सुधार र सर्वपक्षीय सहमति जुटाई मुलुकमा राष्ट्रियता, प्रजातन्त्र र संविधानवादका आधारमा तथा अपनत्व बलियो बनाउन नेतृत्वदायी भूमिका दिनु बुद्धिमानी हुनेछ।

कृष्णप्रसाद भट्टराई नेतृत्वको संविधानको मर्म र स्तर माथिल्लो हुनु र नेपालमा राष्ट्रिय मेलमिलापको सन्देशलाई त्यसले आत्मसात् गरेकाले नै यसलाई समाप्त गर्न बाह्य शक्ति र उसले नेपालमा तयार गरेको 'दास सञ्जाल' लागिपरेको तथ्यलाई बुझेरै अहिलेको सत्ता र नेपाली शक्ति अघि बढ्न आवश्यक छ।

देश सञ्चारबाट

# नेप्से परिसूचकमा २७ अङ्कको गिरावट



काठमाडौं। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक मंगलबार २७ दशमलव ६४ अङ्कले घटेर दुई हजार ५९५ दशमलव २४ को विन्दुमा कायम भएको छ। नेप्से परिसूचक एक दशमलव ०५ प्रतिशतले घटेको हो।

३२२ कम्पनीको एक करोड तीन लाख ४३ हजार ८९८ कित्ता शेयर ४६ हजार ८७५ पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब १५ करोड सात लाख ६८ हजार ९३८ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

कारोबारमा सबै समूहको उपसूचक घटेको छ। बैङ्किङ शून्य दशमलव ६६, विकास बैङ्क एक दशमलव ४७, वित्त दुई दशमलव २१, होटल तथा पर्यटन शून्य दशमलव ९३, जलविद्युत् एक दशमलव २१ र लगानी समूह शून्य दशमलव ८७ प्रतिशतले घटेको छ।

त्यसैगरी जीवन बिमा एक दशमलव ४४, उत्पादन तथा प्रशोधन शून्य दशमलव ९१, लघुवित्त शून्य दशमलव ७५, म्युचुअल फन्ड शून्य दशमलव ३१, निर्जीवन बिमा एक दशमलव २१, व्यापार शून्य दशमलव ११ र अन्य समूह एक दशमलव ८१ प्रतिशतले घटेको छ।

एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको सबैभन्दा धेरै रु २७ करोड ९८ हजार ५७२ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै सिङ्गटी हाइड्रो इनर्जी लिमिटेडको छ लाख ९९९ कित्ता शेयर किनबेच भएको छ।

# डेंगुको लक्षण र उपचार विधि

डा. विनयकुमार रेग्मी



डेंगु इजिप्टी प्रजातीको पोथी लामखुट्टे एडिसको टोकाइबाट लाग्ने रोग हो। उक्त लामखुट्टेले टोकेको ४ देखि ७ दिनभित्र डेंगुको लक्षण देखा पर्दछ। डेंगु भएपछि उच्च ज्वरो आउने, टाउको दुख्ने, मांसपेशी दुख्ने तथा जोर्नी दुख्ने गर्छ। डेंगु भएपछि शरीरको प्लेटलेट्स द्रुत गतिमा घट्न थाल्छ।

मानिसले प्लेटलेट्स बढ्छ भनेर विभिन्न चिजहरु खाने गरेका छन्। तर त्यसको प्रयोग गर्नुहुँदैन। प्लेट्सलेट २० हजारभन्दा कम भएमा तुरुन्त भर्ना भएर प्लेटलेट्स चढाउने पनि हुनसक्छ।

यसमा बिरामीलाई तुरुन्तै अस्पतालमा भर्ना गर्नुपर्छ अन्यथा समयमै उपचार नपाउँदा बिरामीको ज्यान समेत जान सक्छ। डेंगुको लक्षण पहिचान गरेर मात्रै यसको उपचार गर्न सकिन्छ।

यसले स-साना सफा पानी जमेको स्थानमा फुल पार्ने गर्दछ। खास गरी वर्षाको पानी जम्ने टीनका डब्बाहरू, रंगका खाली डब्बा, थोत्रो टायर, अलकत्रा वा मट्टितेलका खाली ड्रमहरू, फुलदानी, गमला, पानीका ट्यांकी आदिमा यस्ले फुल पार्दछ। सहरी क्षेत्रमा यस्ता वस्तुहरू पर्याप्तमात्रामा हुने भएकाले पनि यो लामखुट्टे सहरमा बढी देखिने गरेको पाइन्छ।

**डेंगुको लक्षणहरू**

१. उच्च ज्वरो आउनु
२. टाउको दुख्नु
३. आँखा दुख्नु
४. मांसपेशी र जोर्नी दुख्नु
५. थकाई लग्नु
६. वाकवाकी लाग्नु वा वान्ता हुनु
७. छालामा रातो दागहरू देखा पर्नु
८. पेट दुख्ने
९. गिजा वा नाकबाट रगत बग्ने
१०. सास फेर्न गाह्रो हुनु
११. चिडचिडापन हुनु

यद्यपि, गम्भीर अवस्थामा (डेंगु हेमोरेजिक ज्वरो) को जोखिम बढ्ने गर्दछ।

यस्तो अवस्थामा रक्तनलीमा क्षति पुग्ने र शरीरबाट प्लेटलेट्स कम हुँदै जान्छ। डेंगु पत्ता लगाउनका लागि रगत जाँच गर्नुपर्छ। रातो रगत सेतो रगतको मात्रा हेर्ने गर्नुपर्छ। कलेजो (लिभल र किड्नीको फंसन) डेगैंको एन्टीजेन र एन्टीवडी चेक गर्नुपर्ने हुन्छ।

**डेंगुको उपचार**

डेंगुको कुनै खास औषधि वा सही उपचार उपलब्ध छैन। यस्तो अवस्थामा बढीभन्दा बढी पानी पिउनुपर्छ। अत्यन्तै गम्भीर अवस्थामा, रोगीलाई इलेक्ट्रोलाइट सप्लीमेंट दिनुपर्छ। केही अवस्थामा, ब्लड प्रेसर मोनिटरिंग र ब्लड ट्रांस्फ्यूजनमार्फत् पनि उपचार गरिन्छ।

डेँगु लामखुटेले टोकेर लाग्ने रोग भएको हुनाले लामखुटेलाई नै टोक्न नदिनु यसको प्रमुख रोकथाम हो। तसर्थ, झुल लगाएर सुत्ने, पुरा व्लाउज भएको कपडा लगाउने, धुप वाल्ने, पानी जम्ने खाडललाई नष्ट गर्नुपर्छ।

**डेंगुको रोकथाम**

१.जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने
२.पूरै शरीर ढाक्ने लुगा लगाउने।
३.साँझ हुनुभन्दा पहिले घरको झ्याल र ढोका बन्द गर्ने।
४.पानी जम्मा गरेर नराख्ने।
६.घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने।

**उपचार**

डेँगु आफैं निको हुने रोग हो। यसको कुनै स्पेशल उपचार छैन। डेँगुमा देखिएको लक्षणको उपचार गर्ने हो। डेँगुमा विशेष गरी प्रशस्त मात्रामा पानी खानुपर्छ। ब्लडप्रेसर ध्यान दिएर जाँच गर्नुपर्छ। स्वास्थ्य खबरबाट

# शान्ति नमूनामा १०औं एसक्यूसी

बुटवल । क्वेस्ट नेपाल, सिद्धार्थ हबको आयोजना तथा तिलोत्तमा नगरपालिकाको सहयोगमा यही कार्तिक ३० गते १०औं एसक्यूसी (विद्यार्थी गुणीय चक्र) सम्मेलन हुने भएको छ। विद्यार्थीहरूको सर्वाङ्गीण विकासको उद्देश्यले तिलोत्तमा-५, मणिग्रामस्थित शान्ति नमूना माध्यमिक विद्यालयमा हुने उक्त सम्मेलनलाई नगरपालिकाले विशेष प्राथमिकतामा राखेको छ।

विद्यालय तथा विद्यार्थीहरूमा प्रतिस्पर्धाभन्दा पनि समन्वय र सहकार्यको वातावरण सिर्जना गर्नुपर्छ भन्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको क्वेस्ट नेपालले जनाएको छ। शिक्षा क्षेत्रमा फरक तरिकाबाट कार्य गर्दै आएको गैर-नाफामूलक संस्था क्वेस्ट नेपालका देशभर २६ वटा हबहरू रहेका छन्, जस मध्ये आयोजक सिद्धार्थ हब एक हो।

संस्थागत विद्यालयहरूमा लामो समयदेखि विद्यार्थीमैत्री कार्यक्रमका रूपमा परिचित एसक्यूसीलाई सामुदायिक विद्यालयको स्तरोन्नति गर्ने उद्देश्यले शान्ति नमूना माध्यमिक विद्यालयका प्रधानाध्यापक कुलप्रसाद लामिछानेको पहलमा वि.सं. २०७८ सालमा नेपालमै पहिलोपटक सामुदायिक विद्यालयमा रविराज काफ्लेको संयोजकत्वमा सिद्धार्थ हब स्थापना गरिएको हो।

तिलोत्तमा नगरपालिकाका प्रमुख रामकृष्ण खाँण, उप-प्रमुख जागेश्वरदेवी चौधरी, शिक्षा शाखा प्रमुख गंगाराम आचार्य र नगर विकास समन्वय समितिका प्रमुख रवि सेन्चुरीले कार्यक्रम विद्यार्थीका लागि अत्यन्त उपयोगी भएको बताउँदै सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई सहजता मिलोस् भन्ने हेतुले नगरपालिकाले रु. २ लाख सहयोग गर्ने निर्णय गरेको जानकारी दिए।

सामुदायिक विद्यालयहरूको शैक्षिक महाकुम्भका रूपमा रहने यस कार्यक्रममा तिलोत्तमा नगरपालिका र अन्य केही नगरपालिकाबाट करिब ५०० प्रतियोगी विद्यार्थी तथा करिब २०० अवलोकनकर्ता विद्यार्थीहरूको सहभागिता रहनेछ। अवलोकन गर्ने विद्यार्थीहरूका माध्यमबाट अन्य विद्यालयहरूमा पनि आगामी वर्ष अझ प्रभावकारी रूपमा कार्यक्रम विस्तार गर्न सकिने विश्वास नगरपालिकाले लिएको छ।

क्वेस्ट नेपालका सल्लाहकार दीपक गौतम र केन्द्रीय सदस्य मिलन भण्डारीले सिद्धार्थ हब र तिलोत्तमा नगरपालिकाको सहकार्य विद्यार्थीको हितमा भएकोले यो कार्यक्रम दीर्घकालीन प्रभावकारी हुने विश्वास व्यक्त गरे।

हबका सचिव क्षितिज पाण्डेका अनुसार कार्यक्रम बिहान ६ बजेदेखि साँझ ५ बजेसम्म सञ्चालन हुनेछ। उक्त अवधिमा १२ वटा शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिनेछन् । यस वर्षको आकर्षणका रूपमा थिममा आधारित प्यानल छलफल र विद्यार्थीहरूले आफैंले समस्या समाधान गरेको प्रमाणका रूपमा तयार पारेका करिब ५० वटा एस.क्यु.सी. केस स्टडी प्रस्तुत गरिनेछ । त्यस्तै, सहकार्यमा आधारित ५ वटा प्रतिस्पर्धात्मक र ५ वटा गैर-प्रतिस्पर्धात्मक कार्यक्रमहरू रहनेछन् । प्रत्येक समूहमा ४ देखि १० जना सदस्य रहनेछन्, जसले आफूलाई अनुकूल लाग्ने कार्यक्रम छनोट गरी सहभागिता जनाउनेछन्।

यस कार्यक्रमले विद्यार्थीहरूमा आफ्नो समस्या आफैं समाधान गर्ने, समूहमा मिलेर काम गर्ने, समन्वय गर्ने, अनुसन्धान गर्ने तथा २१औं शताब्दीका आवश्यक सामाजिक सीप र व्यक्तित्व विकास गर्ने क्षमताको वृद्धि गर्ने हबका कोअर्डिनेटर तथा मास्टर ट्रेनर प्रकाश चापागाईंले बताए । शान्ति नमूना माध्यमिक विद्यालयका एसक्यूसी संयोजक गोमा थापा मगरले विद्यालयमा ऊर्जावान शिक्षकहरूको समूह भएकाले कार्यक्रम सहज र सफलतापूर्वक सम्पन्न हुने विश्वास व्यक्त गरिन।

कार्यक्रममा सहभागिताको लागि प्रति विद्यार्थी रु. ८०० र विद्यालय दर्ता शुल्क रु. ३,००० रहनेछ । नगरपालिकाको आर्थिक सहयोगका अतिरिक्त अन्य व्यवस्थापनसम्बन्धी खर्च शान्ति नमूना माध्यमिक विद्यालयले बेहोर्नेछ।

# बागलुङ-घोडाबाँधे सडक कालोपत्र नहुँदा यात्रुलाई सास्ती

ढोरपाटन । राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गअन्तर्गत बागलुङ-घोडाबाँधे खण्ड ट्र्याक खुलेको २५ वर्ष बित्दा पनि कालोपत्र नहुँदा स्थानीय र यात्रुले सास्ती खेप्दै आएका छन् । सडक हिउँदमा धुलो र बर्सातमा हिलो हुने गरेको छ।

निर्माण कम्पनीले तत्काल काम नथालेमा स्थानीयले आगामी मङ्सिर १ गतेदेखि आन्दोलन गर्ने चेतावनी दिए छन् । यसअघि आन्दोलन गरेका बिहुँवासीले सडक बन्ने आश्वासन पाएपछि पछि हटेका थिए । काठेखोला गाउँपालिका-५ र ६ का स्थानीयले प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङलाई भेटेर निर्माण कम्पनीले तत्काल काम नगरेमा सडक ठप्प पार्ने चेतावनी दिएका छन्।

स्थानीय कृष्ण कँडेलले भने-"यो सडकले हामीलाई धेरै समस्या गरायो, सडक बन्ला बन्ला भन्ने आशामा यतिका वर्ष धैर्य भयौं, धैर्य गर्दागर्दा आजित भइसक्यौं, अब सडक निर्माणको काम थालिएन भने मङ्सिर १ गतेदेखि सडक अवरुद्ध गर्छौं।"

विसं २०६८ देखि थालिएको लोकमार्ग आयोजनाको काम पटकपटक अलपत्र पर्दा यात्रीले सास्ती खेप्नुपरेको छ । सडकका कारण काठेखोला गाउँपालिका-१, २, ५ र ६ का घर, खेती र फलफूल समेत धुलोले पुरिने गरेको छ । किसानले डाले घाँससमेत पशुचौपायालाई खुवाउन नपाएको गुनासो गरे।

ठेकेदारलाई कालोसूचीमा राखेर नयाँ ठेक्का खुलाएको डेढ वर्ष पुग्न लाग्दा अझै काम अगाडि नबढेको काठेखोला गाउँपालिका-६ का अध्यक्ष बृहस्पति कँडेलले बताए। मध्यपहाडी लोकमार्ग बागलुङभित्र १४२ किलोमिटर छ। त्यसमध्ये अन्य खण्ड कालोपत्र भइसकेको छ।

सो खण्डको काम सूर्य कन्स्ट्रक्सन कम्पनीले ठेक्का लिएको थियो । विसं २०७२ माघ १० को ठेक्काको काम नौ वर्षमा ५५ प्रतिशत प्रगति नगरेपछि कालोसूचीमा परेर रद्द भई गत वर्ष रिजाल तामाङ भगवती जेभीले ठेक्का लिएको थियो। विसं २०८१ असारमा सम्झौता गरी विसं २०८३ असारमा सक्ने सम्झौता गरेको एक वर्ष बितिसक्दा काम नथालेपछि स्थानीय आक्रोशित भएका हुन्।

## नाम परिवर्तन सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०७/१९

साविकको सेवा मल्टिस्पेसियालिटी हेल्थ केयर एण्ड डाइग्नोष्टिक सेन्टर प्रा.लि.को मिति २०८२/०६/०९ मा सम्पन्न विशेष साधारण सभाको निर्णय अनुसार कम्पनी रजिष्ट्रारको कार्यालयबाट कम्पनीको नाम परिवर्तन भई सेवा फेमिली हेल्थ केयर सेन्टर प्रा.लि. (Sewa Family Health Care Center Pvt.Ltd.) कायम गरिएको र साविक कम्पनीको नाममा रहेको सम्पूर्ण सम्पति तथा दायित्व यसै कम्पनीले सकार गर्ने व्यहोरा यसै सूचना मार्फत सम्पूर्ण सरोकारवाला तथा सर्वसाधारणका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सेवा फेमिली हेल्थ केयर सेन्टर प्रा.लि.**

## पाल्हीनन्दन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कुश्मा, नवलपरासी (ब.सु.प.) लुम्बिनी, नेपाल

### करार सेवामा कर्मचारी पदपूर्ती गर्ने सम्बन्धी थप सूचना।

मिति : २०८२/०७/१७

प्रस्तुत विषयमा यस पाल्हिनन्दन गाउँपालिकाबाट मिति २०८२/०७/१६ गते प्रकाशित विज्ञापन नं. ४/२०८२/८३ मनोसामाजिक परामर्शकर्ता पदको लागी आवश्यक योग्यता र अनुभव तपसिल अनुसार हुनुपर्नेमा छुट भएकाले थप गरीएको व्यहोरा सम्बन्धित सवैलाई जानकारी गराइन्छ।

**तपसिल**

१. मान्यता प्राप्त शिक्षण संस्थाबाट १० + २ उत्तीर्ण गरि मनोसामाजिक परामर्श सम्बन्धि ६ महिना तालिम प्राप्त गरि राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र बाट प्रमाणपत्र भएको र सोही क्षेत्रमा काम गरेको अनुभवी।

वा

मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिसटेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ वा नर्सिङ वा मनोविज्ञान वा समाजशास्त्र वा सोसियल वर्कमा स्नातक तह वा स्वास्थ्य शिक्षा विषयमा स्नातक तह वा पोष्ट ग्रेजुयट डिप्लोमा इन काउन्सेलिङ उर्तीण गरेको।

२. कम्प्युटर सम्बन्धि आधारभूत ज्ञान भएको र नेपाली तथा अंग्रेजी दुवै भाषा वोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने।

**दिनेश कुमार गौड (कंहार)**
**प्रमुख प्रशासकीय अधिकृत**

## मध्यविन्दु नगरपालिका
## मध्यविन्दु नगर अस्पताल

चोरमारा, नवलपरासी (ब.सु.पू.)

गण्डकी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना।

सूचना प्रकाशन मितिः २०८२/०७/१९

मध्यविन्दु नगर अस्पतालमा विभिन्न शाखाको लागि आवश्यक पर्ने जनरल सर्जिकल तथा ल्याव सर्जिकल सामाग्रीहरुको आपुर्ति गराउने कार्यको मिति २०८२/०५/२२ गतेको बोलपत्र आह्वनको सूचना अनुसार यस अस्पतालमा पेश हुन आएका बोलपत्रहरु मूल्याङ्कन गर्दा तपसिल बमोजिमको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही पाइएकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

| क्र.सं. | ठेक्का नं. | प्याकेजको नाम | बोलपत्रदाताको नाम, ठेगाना | कबोल रकम रु. (कर सहित) | कै |
|---|---|---|---|---|---|
| 1 | MMH/G/NCB/3.1/2082/83 | Procurement of General Surgical Items | Bastola Surgical Suppliers, Bharatpur-8, Chitwan. | 23,22,217.18/- | |
| 2 | MMH/G/NCB/3.2/2082/83 | Procurement of Lab Surgical Items | Bastola Surgical Suppliers, Bharatpur-8, Chitwan. | 6,92,746.50/- | |

## पाल्हीनन्दन गाउँपालिका

गाँउकार्यपालिकाको कार्यालय

कुश्मा, नवलपरासी (ब. सु. प.), लुम्बिनी प्रदेश, नपाल

### करार सेवामा कर्मचारी पदपुर्ती गर्ने सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मितिः २०८२/०७/१६

यस पाल्हीनन्दन गाउँपालिकामा रिक्त रहेको निम्न अनुसारको पदमा सेवा करारमा कर्मचारी आवश्यक भएकोले देहायको योग्यता पुगेका नेपाली नागरिकहरुले दरखास्त फारम भरी आवश्यक कागजातहरु र दरखास्त दस्तुर बुझाएको रसिद संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ पन्ध्र दिन भित्र दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| विज्ञापन. नं. | पद | तह | माग संख्या | सेवा सुविधा | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १/ २०८२/८३ | जनस्वास्थ्य अधिकृत | स्थानीय सेवाको अधिकृत सातौं तह सरह | १ | प्रचलित कानुन बमोजिम | १२००/- |
| २/ २०८२/८३ | सूचना प्रविधि अधिकृत | स्थानीय सेवाको अधिकृत सातौं तह सरह | १ | प्रचलित कानुन बमोजिम | १२००/- |
| ३/ २०८२/८३ | रोजगार संयोजक | स्थानीय सेवाको अधिकृत छैठौं तह सरह | १ | प्रचलित कानुन बमोजिम | १०००/- |
| ४/ २०८२/८३ | मनोसामाजिक परामर्शकर्ता | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ | प्रचलित कानुन बमोजिम | ७००/- |
| ५/ २०८२/८३ | कार्यालय सहयोगी | श्रेणीविहिन | १ | प्रचलित कानुन बमोजिम | ३००/- |

**१ आवश्यक योग्यता र अनुभवः**

क) जनस्वास्थ्य अधिकृत पदको लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य (ह्यएज) विषयमा कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरि नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता गरेको हुनुपर्नेछ।

ख) सूचना प्रविधि अधिकृत पदको लागिः रा.प. तृतीय श्रेणी अधिकृत लागि लोक सेवा आयोगद्वारा ईलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन ईन्जिनियर वा कम्प्युटर अधिकृत पदका लागि तोकिए बमोजिम हुनेछ।

ग) रोजगार संयोजक पदको लागिः नेपाल सरकार मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरहको उत्तीर्ण गरेको र कम्तीमा ६ महिना कम्प्युटर सम्बन्धी तालिक लिएको हुनुपर्नेछ।

घ) मनोसमाजिक परामर्शकर्ता पदको लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट १० + २ उत्तीर्ण गरि मनोसमाजिक परामर्श सम्बन्धी ६ महिना तालिम प्राप्त गरि राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र बाट प्रमाणपत्र भएको र सोही क्षेत्रमा काममा गरेको अनुभवी हुनुपर्नेछ।

ङ) कार्यालय सहयोगी पदको लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा ८ उत्तीर्ण गरेको हुनुपर्नेछ।

**२. आवेदन साथ संलग्न कागजातहरुः आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपीहरु**

क. नागरिकता  ख. न्युनतम योग्यताको लब्धाङ्क पत्र  ग. चारित्रिक प्रमाण पत्र
घ. कामसँग सम्बन्धित अनुभव भए सो को कागजात  ङ. तालिमको प्रमाण पत्र भए सो को कागजात  च. २ प्रति पासपोर्ट साइजको फोटो

**३. उमेर हदः**

क.जनस्वास्थ्य अधिकृत र सुचना प्रविधि अधिकृत पदको लागि २१ वर्ष उमेर पुरा भई ३५ वर्ष तथा महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।
ख. रोजगार संयोजक पदको लागि २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ।
ग. मनोसमाजिक परामर्शकर्ता र कार्यालय सहयोगी पदको लागि १८ वर्ष उमेर पुरा भई ३५ वर्ष तथा महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।

४. छनौट परिक्षाको किसिमः प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित, सिप परिक्षण ( आवश्कतानुसार) तथा अन्तरवार्ता र कार्यालय सहयोगीको हकमा अन्तरवार्ता मात्र।
५. दरखास्त दिने स्थानः पाल्हीनन्दन गाउँपालिकाको कार्यालय, कुश्मा।
६. दरखास्त दिने अन्तिम मितिः २०८२/०७/३० गते कार्यालय समय भित्र सम्म।
७. परिक्षा मितिः प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन दिन परिक्षा मिति तोकिनेछ।
८. आवेदन फारम कार्यालयबाट उपलब्ध गराईनेछ।

**दिनेश कुमार गौड (कंहार)**
**प्रमुख प्रशासकीय अधिकृत**

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुखखानगर, रूपन्देही,

फोन: ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

## Rurukshetra Rural Municipality

**Office Of The Rural Municipal Executive**

**Ghiubensi, Gulmi**

**Lumbini Province**

### Invitation for Bids

Second Date of Publication: 5th November 2025(2082/07/19)

Office of Rurukshetra Rural Municipality, Ghiubensi, Gulmi invites only electronic bids for the following Works under National Competitive Bidding (NCB).

| S. No. | Contract No./ IFB No. | Estimated amount (Inclusive of VAT) NRS | Name of the Project & Location | Price of bid Document NRS | Last Date of Bid Submission | Date and Time of Bid Opening | Bid Validity Period | Bid Security (Nrs) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | ORRM-W-NCB-07-082/83 | 14,27,839.35/- | Bardada Payak-Hulak Chaupari Chauke Fallepipal Mo.Ba. Starunnati, Rurukshetra-3 | 3,000/- | 21th November 2025 (2082/08/05) Before 12:00 hr | 21th November 2025 (2082/08/05) At 13:00 hr | 90 days | 39,000/- |

1. Bidders may download the bidding document for e-submission from PPMO website www.bolpatra.gov.np/egp.
2. Information for depositing the cost of bidding document and Bid Security
   **Name of Bank: Nepal Investment Mega Bank Ltd, Gulmi**
   Office Name: Rurukshetra Rural Municipality
   GA 1.1 RURU KSHETRA GA.PA. AANTARIK RAJASHO KHATA: 29001400000024 (For Bid Document Fee)
   GA 3.1 RURU KSHETRA GA.PA. DHARAUTI KHATA. : 29001400000116 (for Bid Security)
3. Ifthe office happensto be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue.
4. The person, firm or company black listed as per Public Procurement Act-2063 with amendment, shall be inelegible to submit the bid and also the propriet or of such firm or company shall be ineligible to submit the bid from another new firm or company.
5. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063 with amendment and Public Procurement Regulation-2064 with amendment and other prevailing regulations.
6. The Employer reserves the right to accept or reject,wholly or partly any or all the bids without assigning reason, whatsoever.
   Eligible bidders may obtain further information from Rurukshetra Rural Municipality office during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp

Laxman Pandey
Chief Administrative officer



**मकैका झोता:** गुल्मीको मदाने गाउँपालिकाको पुर्कोटमा रहेको एक घरमा झुन्डाइएका मकैका झोता। *तस्विरः तिलक महत*

# रूपन्देहीका ६ वटा उद्योगका लाइन जोडिए, श्रमिक काममा फर्के



भैरहवा । रूपन्देहीका १३ वटा उद्योगको विद्युत् काटिएपछि कामविहीन भएका श्रमिकहरु विस्तारै काममा फर्किंदै छन् ।

डेडिकेटेड तथा ट्रंक लाइन विवादले विद्युत् प्राधिकरणले सप्लाई नै बन्द गरेपछि उद्योग ठप्प हुँदा प्रत्यक्ष र अप्रत्यक्ष रुपले जोडिएका श्रमिकको रोजिरोटी, बजारको माग र विकास निर्माण काममा सम्झौताअनुसारको उत्पादनहरुको माग पूरा गर्न बाध्य भएर लाइन जडान गरिएको हो ।

रुपन्देहीको पञ्चकन्यासहित हालसम्म ६ वटा उद्योगको लाइन जोडिएको छ । पञ्चकन्या समूहले आफ्नो दुई वटै उद्योग पञ्चकन्या प्लाष्टिक उद्योग, पञ्चकन्या स्टील इण्डष्ट्रिजको सोमबार बक्यौता वापतको एक किस्ता बुझाएपछि विद्युत् जडान भएको छ, यस्तै सिद्धार्थ पेटप्लाष्ट र श्याम प्लास्टिकले सोमबार बक्यौताको पहिलो किस्ता तिरेका हुन् । गोयन्का फुड्स र घराना फुड्सले पनि यस अघि नै किस्ता बुझाएर विद्युत् जडान गरेका थिए ।

उद्योगहरुले उद्योग सञ्चालन नै पहिलो प्राथमिकता राखेर किस्ता बुझाएका हुन् । 'किस्ता बुझाउनु भनेको हामीले ट्रंक लाइन लिएको भने कदापी हैन, हामीलाई जबरजस्ती ट्रंकलाइनमा जोडिएको हो ।'-पञ्चकन्या समूहका महाप्रबन्धक देवेन्द्र साहुले भने ।

'बुटवल भैरहवा करिडोरका उद्योगीको समस्या अन्य उद्योगी बन्द फरक हो, यो सरकारले बुझ्नुपर्छ । सबै उद्योगीहरुलाई एउटै डालोमा हाले यहाँको उद्योग प्रति अन्याय हुन्छ। आफ्नो गल्ती ढाकछोप गर्न विद्युत्ले उद्योगीमाथि यो लादेको हो । हामीले यो स्वीकर नगरेको कारण नै विद्युत् नियमन आयोग (इआरसी )मा न्यायको लागि निवेदन दिएका छौं ।'-साहुले भने

'हामीले अघिल्लो शुक्रबारबाट उत्पादन ठप्प पारे पनि कर्मचारीलाई बिदा दिएका छैनौ । तलब पनि काट्दैनौ, दैनिक २ लाख ३० हजार खर्च गरी जेनेरेटर चलाएर क्वाटर र कार्यालयमा विद्युत् चलाएका छौं, न्यायालयप्रति विश्वास छ, हामी न्यायको लडाई लडिरहेका छौं ।'-साहुले भने

बुटवल भैरहवा क्षेत्रका उद्योगीहरुले विद्युत्को आन्तरिक लोड मिलान गर्नका लागि जानकारी विनै ट्रंक लाइनमा १६/१७ वटा उद्योग जोडेको रहेछ । बक्यौताको लागि बिल मात्रै दिएको छ, सूचनाको हक प्रयोग गरी प्रमाण माग्दा समेत केही प्रमाण नदिएको उद्योगीहरुको भनाइ छ ।

उद्योगहरुले २०७२ माघदेखि २०७५ बैशाखसम्ममा डेडिकेटेड तथा ट्रङ्क लाइन प्रयोग बापतको प्रिमियम महसुलको पहिलो किस्ता बुझाएका हुन् । पञ्चकन्या प्लाष्टिकको २४ लाख ६३ हजार, पञ्जकन्या स्टीलको ५२ लाख १९ हजार, सिद्धार्थ पेटप्लास्टको १ करोड ८३ लाख र श्याम प्लास्टिकको ४९ लाख १० हजार रुपैयाँ बक्यौता रहेको छ । बक्यौतालाई २८ किस्तामा विभाजन गरी उद्योगहरुले पहिलो किस्ता तिरेका छन् ।

बाध्यात्मक अवस्थाका कारण बक्यौताको २८ किस्ता मध्ये एक किस्ता बापत दुई लाख ८० हजार रुपैयाँ तिरेपछि प्राधिकरणले दुई उद्योगमा लाइन जोडिदिएको पञ्चकन्या समूहका महाप्रबन्धक साहुले बताए ।

**उद्योगी बिनाको वार्ता**

डेडिकेटेड र ट्रंक लाइनको बक्यौता विवाद समाधानका लागि नेपाल सरकार र नेपाल उद्योग वाणिज्य महासंघबिच छलफल चले पनि छलफलमा यस क्षेत्रको कुनै पीडित उद्योगीको प्रतिनिधत्व नरहेको बताएका छन् ।

महासंघका अध्यक्ष चन्द्र ढकालले सोमबार अपराह्न सिंहदरबार पुगेर प्रधानमन्त्री सुशीला कार्कीलाई भेटी डेडिकेटेड फिडर र टंक लाइनको बक्यौतासम्बन्धी विवाद समाधानका लागि मध्यमार्गी प्रस्ताव गरिएको थियो । नेपाल विद्युत् प्राधिकरणले दिएको २८ किस्ताको सुविधालाई स्वीकार गरी एक किस्ता बराबरको रकमलाई धरौटीका रुपमा उद्योगहरुले बुझाएपछि काटिएको विद्युत्को लाइन तुरुन्त जोड्ने प्रस्ताव गरिएको थियो । धरौटी रकम बुझाएपछि उद्योगीहरु पुनरावलोकनमा जान पाउने छलफल भएको छ ।

छलफलमा विवादबारे जानकारी भएको उद्योगी नै भएकोले समावेश गरेको भए निश्कर्ष र न्यायको लागि सहज हुन्थ्यो, तर यस क्षेत्रको पीडितको प्रतिनिधित्व समावेश नगराएकोमा उनले दुःख व्यक्त गरे ।

# सहकारीद्वारा मकैको पीठो बजारीकरण



गुल्मी । यहाँको मुसिकोट नगरपालिकामा सहकारीमार्फत् मकैको पीठो ब्रान्डिङ गरेर बजारीकरण गरिएको छ । मुसिकोट नगरपालिका-३ स्थित साना किसान कृषि सहकारी संस्थाले बडागाउँ फेदीमा स्थापना गरेको खाद्य प्रशोधन उद्योगबाट मकैको पीठो उत्पादन गरिएको हो ।

बजारमा मकैको पीठोको माग बढ्न थालेको साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष हरि छन्तेलले बताए । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन इकाइ गुल्मीले उद्योगका लागि केही उपकरण अनुदानमा सहयोग गरेको छ । उद्योगका लागि नगरपालिका र कृषि ज्ञानकेन्द्रबाट रु ७३ लाख र साना किसान सहकारी संस्थाबाट रु १६ लाख ५० हजार सहयोग उपलब्ध गराएको थियो । उक्त रकमबाट उद्योगको भवन निर्माणदेखि पीठो बजारीकरणसम्म करिब ९० लाख लागेको सहकारी संस्थाका अध्यक्ष छन्त्यालले जानकारी दिए ।

साना किसान सहकारीले किसानहरुको मकै प्रतिपाथी रु २०० मा खरिद गरी प्रशोधन, लेबलिङ र प्याकेजिङ गरेर बजारमा पुऱ्याउने गरेको छ । हाल पीठो प्रतिकिलो रु १३० मा बिक्री भइरहेको छ । सहकारीले २५ किलोको बोरामा पनि पीठो प्याकेजिङ गरेको छ ।

सहकारीले यस वर्ष ३५ टन मकैको पीठो बिक्री गर्ने लक्ष्य लिएको सहकारी संस्थाका व्यवस्थापक विवेक पेमीले जानकारी दिए । करिब ३०० किसान सहकारीमा आबद्ध छन् ।

# एक सातादेखि किशोर बेपत्ता

वालिङ । स्याङ्जा र पाल्पाको सङ्गमस्थल रामनदीधाम राम्दीस्थित कालीगण्डकी नदीमा एक किशोर सातादेखि बेपत्ता छन् ।

गत बुधबार स्याङ्जाको गल्याङ नगरपालिका-१ राम्दीमा पौडी खेल्ने क्रममा कालीगण्डकीमा बेपत्ता भएका कैलालीको लम्कीचुहा नगरपालिका-१ घर भएका १५ वर्षीय बखत शाही बेपत्ता भएका थिए । उनको खोजी जारी रहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायव उपरीक्षक प्रसन्नराज चौधरीले जानकारी दिए ।

कैलालीबाट साथीहरुसँगै पोखरा भ्रमणमा आएका शाही र सोही ठाउँका १६ वर्षीय विराज न्यौपाने पौडी खेल्न कालीगण्डकी नदीमा पसेका थिए । पौडी खेल्ने क्रममा दुवै जनालाई नदीले बगाएको थियो । बग्दै गरेको अवस्थामा न्यौपानेलाई सकुशल उद्धार गरिएको थियो ।

बुधबार बिहानदेखि कालीगण्डकी नदीमा बेपत्ता भएका शाहीको सशस्त्र प्रहरी बल विपद् व्यवस्थापन समूह स्याङ्जा, नेपाल प्रहरी तथा आफन्तजनको सक्रियतामा खोजी कार्यलाई तीव्रता दिइएको प्रहरी नायव उपरीक्षक चौधरीले जानकारी दिए । सशस्त्र प्रहरी बलको तालिम प्राप्त समूहले 'ऱ्याफ्टिङ बोट'को सहायताले घटनास्थल तथा त्यसभन्दा तलका स्थानमा खोजी गरिरहेको छ ।

# मूल्य खस्किएपछि अदुवा किसान मारमा



घोराही । यहाँको तुलसीपुर उप-महानगरपालिका-१९ छिल्लीकोटका किसान विकास खड्काको बारीमा अनुमानित ५० क्वीन्टल अदुवा छ । यतिबेला बारीको अदुवा खनेर बजार पठाइसक्नु पर्ने हो । तर बजार भाउ नभएका कारण खड्काले अदुवा अझै खनेका छैनन् ।

गत वर्ष यही याममा रु ५५ देखि ६० प्रतिकिलो अदुवा बेचेका खड्कालाई अहिले बजार भाउले निकै खिन्न बनाएको छ । बजार भाउ रु ३० देखि ३५ रहेका कारण अदुवा खन्ने जाँगर नलागेको उनले बताए ।

अन्य कृषि बाली छोडेर अदुवा रोपेका उनी यो वर्ष भाउ नपाउँदा निराश छन् । खड्काले भने-"यो वर्ष अदुवा बिक्रीबाट लगानी पनि नउठ्ने अवस्था छ, बजार भाउ नपाउँदा यो वर्ष अझै खनेको छैन ।" बेमौसमी वर्षाले पनि अदुवामा केही क्षति गरेको उनी बताउँछन् । उनले गत वर्ष रु दुई लाखको अदुवा बिक्री गरेका थिए ।

छिल्लीकोटकै पलबहादुर खड्काले पनि गत वर्ष अदुवाले भाउ पाएको देखेर रु ५० हजारको बीउ किनेर अदुवा लगाए । तर अहिले अदुवाको भाउ सुनेर उनी पनि निराश छन् । बिउ किन्दाखेरिकै ५० हजारको सावाँब्याज अहिले रु ६५ हजार पुगेको छ । अदुवाको बिउ किन्दा लिएको ऋणको साँवाब्याज कसरी तिर्ने भन्ने पिरलो उहाँलाई छ ।

बजारमा व्यापारीले सस्तोमा भारतबाट अदुवा भित्र्याउँदा स्थानीयले उत्पादन गरेको अदुवा बिक्री नहुने अवस्था भएको छ । उनले भने-"बिउको ऋण तिर्न समस्या छ। अहिलेको अवस्थामा रहेको मूल्यमा अदुवा बिक्री गर्दा ऋण तिर्न पनि पुग्दैन ।" पहाडी क्षेत्रमा जङ्गली जनावरले क्षति नगर्ने र राम्रो आम्दानी हुने भएपछि अधिकांश किसानले अदुवा रोप्ने गरेका छन् । तर मूल्य नपाउँदा किसान मर्कामा परेको स्थानीय पूर्णबहादुर पुन बताउँछन् ।

उनका अनुसार यहाँका स्थानीय ३०/३५ घरले अदुवाखेती गर्ने गरेका छन् । छिल्लीकोट क्षेत्रबाट मात्रै वार्षिक ६०० क्विन्टल बढी अदुवा बिक्री हुने गरेको छ । अदुवाको बजारीकरणमा स्थानीय सरकारले सहयोग गरेमा सहज हुने उनीहरुको आशा छ ।

# 'किसानका उत्पादनको बजारीकरण आवश्यक'




नवलपरासी । नवलपरासी पश्चिममा वार्षिक रुपमा ८ लाख ७५ हजार ६९ मेट्रीक टन खाद्यान उत्पादन हुने गरेको कृषि ज्ञानकेन्द्रले जनाएको छ ।

कुल खेती योग्य जमिन २७ हजार हेक्टरमा उक्त खाद्यान उत्पादन हुने कृषि ज्ञानकेन्द्रका प्रमुख डाक्टर रविन्द्र नाथ चौवेले बताए। उनले उक्त कुरा मंगलबार आयोजित ४५औं विश्व खाद्य दिवस कार्यक्रममा बताएका हुन् । कृषि ज्ञानकेन्द्र पश्चिम नवलपरासीको आयोजनामा ४५औं विश्व खाद्य दिवस मनाइएको छ । जिल्ला समन्वय समितिका प्रमुख भगवति यादवले उक्त अवसरमा कृषिको क्षेत्रमा तीनवटै सरकारको समन्वयमा किसानलाई मलखाद, बिउ बिजन र सिँचाइको प्रबन्ध गर्नुपर्ने बताए । किसानले उत्पादन गरेको वस्तुको बजारीकरण आवश्यक भएकोमा जोड दिँदै प्रमुख यादवले अहिलेको अवस्थामा स्वच्छ, पोषणयुक्त र सन्तुलित भोजन सबैलाई आवश्यता रहेको जनाए ।

स्वच्छ, पोषणयुक्त र सन्तुलित भोजनको महत्त्वबारे जनचेतना फैलाउने उद्देश्यसहित प्रत्येक वर्ष अक्टोबर १६ मा यो दिवस मनाउने गरिन्छ । यस वर्षको दिवसको नारा 'स्वच्छ खाना र सुखद भविष्यका लागि हातेमालो' भन्ने नाराका साथ मनाइएको छ। संयुक्त राष्ट्रसंघको २०औं साधारणसभाले सन् १९७९ मा खाद्य तथा कृषि संगठन (एफएओ) को स्थापना दिवसका अवसरमा खाद्य दिवस मनाउने प्रस्ताव पारित गरेको थियो ।

त्यसयता सन् १९८१ देखि हरेक वर्ष विश्व खाद्य दिवस मनाइँदै आएको छ। दिवश अक्टोबर १६ मा मनाउने भएको भएता पनि नेपाल एक महिनासम्म मनाउने गरिएको छ।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

# पुनर्निर्माण कोषमा छ करोड २४ लाख सङ्कलन

बुटवल । गत भदौ २३ र २४ गते देशभर भएका जेनजी प्रदर्शनका क्रममा भएको आगजनी, तोडफोड र अतिक्रमणका कारण क्षति पुगेका भौतिक संरचनाको पुनर्निर्माणका लागि सरकारले स्थापना गरेको 'भौतिक पूर्वाधार पुनर्निर्माण कोष'मा हालसम्म रु छ करोड २४ लाख सङ्कलन भएको छ ।

अर्थ मन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेयकाअनुसार सोमबार बेलुकासम्म सो कोषमा उक्त रकम जम्मा भएको हो । जेनजी प्रदर्शनका क्रममा विभिन्न सार्वजनिक संरचना, सरकारी कार्यालय, तथा स्थानीय निकायका भौतिक संरचनामा क्षति पुगेको थियो । त्यस्ता संरचनाको पुनर्निर्माणका लागि सरकारले गत असोज २८ गते कोषमा आर्थिक सहयोग जुटाउन सर्वसाधारण नागरिक, निजी क्षेत्र, गैरआवासीय नेपाली, विकास साझेदार, दातृ निकाय, उद्यमी तथा विभिन्न सङ्घ-संस्थालाई औपचारिक रूपमा आह्वान गरेको थियो ।

सहयोगकर्तालाई प्रोत्साहन गर्न चालु आर्थिक वर्षभरि प्रदान गरिने आर्थिक सहयोगलाई करयोग्य आय गणनामा कटौतीयोग्य खर्चका रूपमा सूचीकृत गर्ने व्यवस्था पनि गरेको छ । कोषमा सङ्कलित रकम 'राष्ट्रिय वाणिज्य बैङ्क' सिंहदरबार शाखामा खोलिएको १९६०१००१०२०७०००४ विशेष खातामार्फत् व्यवस्थापन गरिँदैछ ।

# बाक्लो संख्यामा देखिन थाले निकुञ्जमा बाघ

चितवन । सोमबार चितवन राष्ट्रिय निकुञ्ज घुम्न गएका बेलायती पर्यटकको समूहले प्रत्यक्ष बाघ अवलोकन गर्ने अवसर पाए । गत साता हल्याण्डका पर्यटकले पनि बाघ देखेपछि उत्साहित हुँदै खुशी व्यक्त गरेका थिए ।

पर्यटक र निकुञ्जका कर्मचारी, सुरक्षाकर्मीले पनि हिजोआज विगतका तुलनामा बढी बाघ देख्न थालेका छन्। लामो समय निकुञ्ज बन्द रहेर जीप सफारी खुलेसँगै वन्यजन्तुको गतिविधि बढेकाले पर्यटकले देख्न पाएका हुन् ।

सौराहस्थित वनबास रिसोर्टका महाप्रबन्धक प्रकाश न्यौपानेका अनुसार दिनभर निकुञ्जको जीप सफारीमा निस्किएका पर्यटकले बाघ देखेर फर्किएपछि खुशी हुँदै प्रतिक्रिया दिने गरेका छन् । दुर्लभ एकसिङ्गे गैंडासहित बाघ देखेपछि पर्यटक निकै रमाउने गर्दछन् ।

सोमबार भिम्ले पोष्ट नजिकै बेलायती जोडीले बाघ देखेपछि खुशी भएर 'टिप्स' दिएको पथ प्रदर्शक सरोज चौधरीले बताए । उनले भने-"बाघ देखेपछि स्वदेशी र विदेशी दुवै पर्यटक निकै खुशी हुन्छन् ।" ठाउँठाउँमा बाघ देखिन थालेपछि घुम्न आउने पर्यटक उत्साहित हुने गरेको चौधरी बताउँछन् ।

निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा. गणेश पन्तले पर्यटक र कर्मचारीहरुले हिजोआज बाघसहितका वन्यजन्तु धेरै देख्ने गरेको बताए । उनले ढड्डीहरु सुकेर सुख्खापन बढ्दै गएपछि निकुञ्ज खुल्ला हुने र थप वन्यजन्तु देख्न सकिने जनाए ।

यस वर्ष यहाँ बाघ गणना गरिँदै छ । पछिल्लो गणनाअनुसार चितवन राष्ट्रिय निकुञ्जमा वयस्क बाघ १२८ वटा छन् । आहारा प्रजातिको संख्या बढ्दै जाँदा बाघको संख्या पनि बढ्दै गएको छ ।

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com